Educational Journal
May, 2025, Volume-4, Issue-1
DOI: https://doi.org/10.3126/ej.v4i1.86184
Research Management Cell,
Tribhuvan University, Sanothimi Campus, Sanothimi, Bhaktapur

# व्यतिरेक वितरणका आधारमा  डडेल्धुरेली भाषाका वर्ण निर्धारण

*मोहनप्रसाद भट्ट (पीएचडी)*
उपप्राध्यापक, नेपाली शिक्षा
शिक्षाशास्त्र संकाय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर
*mbhatta35@gmail.com*

## लेखसार

*प्रस्तुत लेख व्यतिरेक वा अर्थभेदकता सँग सम्बन्धित रहेको छ । यस लेखमा स्वर वर्ण र व्यञ्जन वर्णहरूको सूची दिनुका सथै ती सबै वर्णको विभिन्न व्यतिरेकी युग्मको माध्यमले विश्लेषण गरी परिवेशगत वितरण गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ ।  प्रस्तुत लेखमा गुणात्मक अध्ययन विधिको अवलम्बन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत तथ्याङ्कको सङ्कलन नमुना छनोट विधिमा आधारित छ । यस अन्तर्गत अजयमेरू गाउँपालिकाका विभिन्न उमेर समूह, लिंग, जातजाति, पेशा, वर्गका उद्देश्यमूलक नमुना छनोटमा परेका सूचकबाट शब्दसूची, प्रश्नावली, कुराकानी र अन्तर्वार्तिबाट सामग्री सङ्कलन गरिएको छ । यस भाषामा छ ओटा स्वरवर्ण र तिस ओटा व्यञ्जन वर्ण रहेका छन् । स्वरवर्ण जिब्राको सक्रियता, जिब्राको उचाइ र ओठको अवस्थाका आधारमा पदादि, पदमध्य र पदान्तमा व्यतिरेकी छन् । व्यञ्जनवर्णमा कोमलताल्व्य, प्रकम्पित र पार्श्विक, स्वरयन्त्रमुखी र वर्त्स्य, कोमलतालु-स्पर्शी र अल्पप्राण, वर्त्स्य -स्पर्शसङ्घर्षी र अल्पप्राण, वर्त्स्य-स्पर्शी र अल्पप्राण, दन्त्य-स्पर्शी र अल्पप्राण, ओष्ठ्य-स्पर्शी र अल्पप्राण, कोमलतालु-स्पर्शी र अघोष, कोमलतालु-स्पर्शी र सघोष, वर्त्स्य-स्पर्शसङ्घर्षी र अघोष, वर्त्स्य-स्पर्शी र अघोषमा पदादि, पदमध्य र पदान्त गरी सबै तहमा व्यतिरेक रहेका छन् भने नासिक्यवर्ण पदादिमा व्यतिरेक देखिदैनन् । वर्त्स्य र जिह्वाफलक, स्पर्शसङ्घर्षी र जिह्वाफलक, स्पर्श र जिह्वाग्र, स्पर्श र दन्त्य, वर्त्स्य-स्पर्शसङ्घर्षी र महाप्राण, दन्त्य-स्पर्शी र महाप्राण, वर्त्स्य-स्पर्शसङ्घर्षी र सघोष, वर्त्स्य-स्पर्शी र सघोष, ओष्ठ्य-स्पर्शी र सघोषमा पदमध्य र पदान्तमा व्यतिरेक पाइँदैन । त्यसै गरी  वर्त्स्य र जिह्वाग्र, दन्त्य, ओष्ठ्य, स्पर्श र ओष्ठ्य, कोमलतालु-स्पर्शी र महाप्राण, वर्त्स्य-स्पर्शसङ्घर्षी र महाप्राण, ओष्ठ्य-स्पर्शी र महाप्राण, दन्त्य-स्पर्शी र अघोष, ओष्ठ्य-स्पर्शी र अघोषमा पदान्तमा व्यतिरेक पाइँदैन ।*

**शब्दकुञ्जी** *: व्यतिरेक, प्राण्, वर्ण, अर्थभेदक, युग्म*

## परिचय

भाषा परिवर्तनशील वस्तु हो । त्यसैले कुनै पनि भाषा सबै ठाउँ र सबै स्थितिमा एकनासले प्रयोग भएको पाइँदैन । भौगोलिक दूरी, सम्पर्कको अभाव, समयको लामो अन्तराल, विभिन्न भाषिक समुदायसँगको सम्पर्क आदीका कारणले एउटै भाषाका विभिन्न भेदहरू निर्माण हुने गर्दछन् । डडेल्धुरा जिल्लामा बोलिने भाषा डडेल्धुरेली भाषा हो । यो भाषा डडेल्धुरा जिल्लामा बसोरबास गर्ने अधिकांश व्यक्तिहरूले बोल्दछन् । यस भाषामा भुतिउँ गर्खा, रुपाल गर्खा, पश्च गर्खा, भित्री मधेश र गड गर्खा जस्ता क्षेत्रीय भाषिक भेदहरू रहेका पाइन्छन् । यो अध्ययन भुतिउँ गर्खामा बोलिने भाषिक भेदमा आधारित छ र यस अध्ययनमा अजयमेरु कोटलाई केन्द्रबिन्दु बनाई सामग्री सङ्कलन गरी विश्लेषण गरिएको छ ।

वर्ण भाषाको पहिलो एकाइ हो । यसका बारेमा बन्धु (२०५३) ले भाषाका आन्तरिक रचनामा भाषाका वर्ण, व्याकरण र शब्दभण्डार आउँछन् भन्ने कुराको चर्चा गरेका छन् । संरचनावादी भाषाशास्त्रीहरूले वर्ण र व्याकरणलाई भाषा विज्ञानको केन्द्रीय क्षेत्र र ध्वनि र अर्थलाई परिधीय क्षेत्र मानेका छन् (न्यौपाने र अन्य, २०७३ पृ. १२) । वर्णको विश्लेषण गर्नका लागि संरचनावादी भाषा वैज्ञानिकहरूले आवश्यक सिद्धान्त बनाएका छन् । यिनै सिद्धान्तलाई अप्नाएर वर्ण विश्लेषन गर्न सकिन्छ । वर्ण विश्लेषणका सिद्धान्तहरूमा व्येतिरेकी, परिपूरक वितरण र मुक्त परिवर्तनको सिद्धान्त रहेका छन् (बन्धु, २०५३,पृ. ५६) । यिनै सिद्धान्तका आधारमा डडेल्धुरेली भाषाका व्यतिरेकी वर्णहरूको विश्लेषण गर्ने उद्देश्य राखेर यो अध्ययन गरिएको छ । यस अध्ययनले नेपाली भाषामा रहेका व्यतिरेकी वर्णगत विशेषता पहिचान गरेर डडेल्धुरेली भाषी वक्तालाई नेपाली भाषा सिकाइमा देखाइर्ने जटिलता पहिचान गर्न सहज गर्ने छ । नेपालको संविधानमा पनि मातृभाषामा शिक्षा पाउन सक्ने कुराको व्यवस्था गरिएको छ । त्यसैले मातृभाषाका सामग्री अध्ययन अनुसन्धान गर्नमा प्रस्तुत अध्ययनले सहयोग गर्ने छ भन्ने विश्वास गरिएको छ । डडेल्धुरेली भाषामा के कस्ता व्यतिरेकी वर्णहरू रहेका छन् ? व्यतिरेकी वर्णहरूको वितरण अवस्था के कस्तो छ ? भन्ने समस्याको समाधान खोज्ने कार्यमा केन्द्रीत रहेर यो अध्ययन गरिएको छ । साथै वर्ण विश्लेषण सिद्धान्तका आधारमा डडेल्धुरेली भाषाका व्यतिरेकी वर्ण निर्धारण गरी तिनको वितरण प्रक्रिया निरूपण गर्नु प्रस्तुत अध्ययनको मुख्य उद्देश्य हो । यस प्रकाको अध्ययनले डडेल्धुरेली भाषाको वर्ण निर्धारणमा महत्त्वपूर्ण भुमिका खेल्ने देखिन्छ । यसका अतिरिक्त भाषा भाषिका अध्ययन गर्नेहरूको प्राज्ञिक उन्नयनमा समेत यस अध्ययनले सहयोग गर्ने छ ।

## अध्ययन विधि

गुणात्मक अनुसन्धान ढाँचामा केन्द्रीत रहेर प्रस्तुत अध्ययन गरिएको छ । शोध सामग्रीका लागि तथ्यहरूको सङ्कलन विशेषतः प्राथमिक स्रोतबाट गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत तथ्याङ्कको सङ्कलन नमुना छनोट विधिमा आधारित छ । यस अन्तर्गत अजयमेरू

गाउँपालिकालाई मुख्य मानिएको छ । यस गाउँपालिकाका विभिन्न उमेर समूह, लिंग, जातजाति, पेशा, वर्गका उद्देश्यमूलक नमुना छनोटमा परेका सूचकबाट शब्दसूची, प्रश्नावली, कुराकानी र अन्तर्वार्ताबाट सामग्री सङ्कलन गरिएको छ । साथै एउटा सूचकबाट प्राप्त सामग्री अर्को सूचकसँग संपरीक्षण गरिएको छ ।

तथ्य सङ्कलनका लागि भाषाविज्ञान विभागले तयार पारेको आधारभूत शब्दावली, स्वडेसका एक सय शब्दसूचीका साथै शोधकर्ता आफैंले तयार पारेको प्रश्नावलीको प्रयोग, प्रत्यक्ष अन्तर्वाता र वर्णन विधिद्वारा गरिएको छ । शब्द, लोककथा, लोकगाथा, माङल, फाग, डेउडा धुमारी आदि कथ्य पाठहरूको सङ्कलन गरिएको छ । यस क्रममा सामग्रीलाई सूचकद्वारा स्वतन्त्र रूपमा भन्न लगाएर अडासिटी (ब्गमबअष्तथ० सफ्टवयरमा अभिलिखित गरी आलेखन गरिएको छ । गौण सामग्रीका रूपमा भाषाविज्ञान र भाषिका शास्त्रसम्बन्धी सैद्धान्तिक पुस्तकहरूको यथेष्ट उपयोग गरिएको छ । डडेल्धुरेली भाषासँग सम्बन्धित द्वितीयक सामग्रीहरूलाई पनि यस अध्ययनमा प्रयोग गरिएको छ ।

## परिणाम र छलफल

अर्थविभेदक लघुतम भाषिक एकाइलाई वर्ण भनिन्छ । वर्ण खास भाषिक व्यवस्थामा लघुतम व्यतिरेकी ध्वनि हो (यादव, २०५९ :१०९) । भाषाका ध्वनिहरु खास किसिमको संरचनामा आएर भाषाका वर्णका तहमा रहन्छन् । भाषापिच्छे ध्वनि व्यवस्था पनि फरक हुन्छ र भाषाका वर्णहरु पनि फरक फरक हुन सक्छन् । खास भाषिक व्यवस्थामा व्यतिरेकी भएर आउने ध्वनिलाई वर्ण भनिन्छ (न्यौपाने, २०६७ :५१) । युग्म न्यूनतम परीक्षण भनेको दुई शब्द वा वाक्यांशमा केवल एउटै स्थानमा फरक ध्वनि राखेर अर्थ परिवर्तन हुन्छ कि हुँदैन भनेर परीक्षण गर्ने प्रक्रिया हो। यदि अर्थ परिवर्तन भयो भने ती ध्वनिहरू व्यतिरेकी वितरण अन्तर्गत पर्दछन्, त्यसैले ती स्वतन्त्र ध्वन्यात्मक एकाइ ९उजयलभ्रभक० हुन् । यस सिद्धान्तले कुनै पनि भाषाका वर्णहरूको विश्लेषण गर्दा तिनीहरूको वितरण अवस्थालाई देखाउँदै वर्णको निर्धारण, वर्णको वर्गीकरण तथा वर्णन र व्याख्या गर्ने कार्य गर्दछ । विभिन्न भाषिक सम्प्रदायहरूले भाषाका वर्णहरूको विश्लेषण गर्ने फरक फरक दृष्टिकोण र सैद्धान्तिक आधारहरू प्रस्तुत गरेका छन् ।

अमेरिकाली संरचनावादिहरूले व्यतिरेकी र परिपूरक वितरणको सिद्धान्त, ध्वनितात्विक समानताको सिद्धान्त, ढाँचामा स्वेच्छताको सिद्धान्त र मितव्ययिताको सिद्धान्तलाई प्रस्तुत गर्दै वर्णहरूको निर्धारण गर्ने आधार प्रदान गरेका छन् । यिनीहरूले वर्णलाई ध्वनितात्विक यथार्थ मानेको पाइन्छ । प्राग सम्प्रदायले वर्णलाई प्रकार्यवादी दृष्टिकोणबाट चिनाउँदै वर्णको निर्धारणका लागि प्रतिनिधान परीक्षण, विभेदक अभिलक्षण, द्विचर विरोध, मुक्त परिवर्तन जस्ता सिद्धान्तहरू प्रस्तुत गरेका छन् । मुलभूतरूपमा यी दुबै दृष्टिकोणहरूमा एकरूपता पाइने गर्छ । यस अध्ययनमा व्यतिरेक वितरणको सिद्धान्तलाई आधार बनाई डडेल्धुरेली भाषाका वर्णहरूको विश्लेषण गरिएको छ ।

## व्यतिरेक वा अर्थभेदकता

कुनै पनि भाषाको वर्ण विश्लेषणमा महत्त्वपूर्ण र आधारभूत अवधारणा अर्थभेदक वा व्यतिरेक हो । व्यतिरेकद्वारा नै संसारका कुनै दुई वस्तुको भिन्नता थाहा भएझैं व्यतिरेकद्वारा नै वर्णको भिन्न स्वरूप स्थापित गरिन्छ । व्यतिरेकको अर्थ हो विरोध वा असमानता । कुनै एक वस्तुलाई अर्को वस्तुबाट अलग्याउने तत्त्व नै व्यतिरेक हो । यही व्यतिरेकी तत्त्वकै अधारमा कुन भाषामा कति वर्णहरू छन् भनेर छुट्याउने गरिन्छ । एउटा वर्ण अर्को वर्णभन्दा भिन्न हो भन्ने देखाउनका लागि ती वर्णले बनेका लघुतम भाषिक युग्म वा शब्दमा जानुपर्छ । त्यस्ता युग्महरूले अर्थ वा स्वरुपमा भिन्नाता ल्याए भने ती विभेदक वर्ण व्यतिरेकी वर्ण हुन् । यादव (२०५९:११३) का अनुसार एउटै स्थान र उही परिवेशमा आउने र अर्थमा भिन्नता ल्याउने दुई ध्वनिहरूलाई व्यतिरेकी वितरणमा रहेका ध्वनि भनिन्छ । समान परिवेशमा एउटा वर्ण उही हुने र अर्को वर्ण फेरिंदा अर्थमा भिन्नता आउने अवस्थामा त्यो भिन्न वर्ण हुन पुग्छ । अर्थात् समान परिवेशमा ध्वनिको परिवर्तनसँगै अर्थगत भिन्नता देखापर्ने स्थिति नै वर्ण व्यतिरेक हो जसले अर्थभेदकतालाई स्पष्ट पार्छ । वर्णको विश्लेषण गर्ने व्यतिरेक सिद्धान्तअनुसार प्रायः भाषाका दुई वा तीन वर्णका शब्द वा अक्षर लिई उच्चारणमा एउटा वर्णको मात्र भिन्नता भएर अर्थमा नै भिन्नता ल्याउने स्थितिमा वर्ण व्यवस्थाको निर्धारण गर्न सजिलो हुन्छ । सबै वर्णहरू सबै पपरिवेशमा आउन सक्दैनन् । निश्चित अर्थात विशिष्ट परिवेशमा रही केही वर्णहरूले काम गर्दछन् भने अन्य वर्णहरू त्यस्ता परिवेशमा आउन वा नआउन पनि सक्दछन् । डडेल्धुरी भाषाका वर्णहरूको वितरणगत परिवेश पदादि, पदमध्य र पदान्तमा हुने गरेको पाइन्छ ।

## वर्णव्यवस्था सम्बन्धी सैद्धान्तिक आधार

अर्थविभेदक लघुतम भाषिक एकाइलाई वर्ण भनिन्छ । यस्ता एकाइ भाषापिच्छे फरक फरक सङ्ख्यामा पाइन्छन् । भाषिक एकाइहरूलाई लघुतम खण्डमा विभाजन गर्दा अन्तमा रहने अविभाज्य एकाइ ध्वनि हुन्छन् । यसरी प्राप्त हुने कतिपय ध्वनिहरू अर्थभेदक हुन्छन् भने कतिपय ध्वनिमा उच्चारणगत भेद मात्र हुन्छ । वर्ण विज्ञानमा अर्थभेदक ध्वनिलाई वर्ण र उच्चारणगत भेदमा आएका वर्णलाई संवर्ण भनिन्छ । वर्णहरू समान परिवेशमा अर्थभेदक ध्वनिका रूपमा प्रयोग हुन्छन् । यस्ता ध्वनिलाई व्यतिरेकी ध्वनि पनि भनिन्छ ।

वर्णलाई खण्डीय र खण्डेतर गरी दुई प्रमुख आधारमा वर्गीकरण गरिन्छ । खण्डीय वर्ण भनेका एकल ध्वनिका रूपमा उच्चारण हुन सक्ने अर्थभेदक ध्वनि हुन् । यस अन्तर्गत स्वर र व्यञ्जन वर्ण पर्दछन् । खण्डेतर वर्ण भनेका एकल ध्वनिका रूपमा उच्चारण हुन नसक्ने र खण्डीय ध्वनिमा आश्रित रही उच्चारण हुने ध्वनि हुन् । खण्डेतर वर्णअन्तर्गत दीर्घता, बल, सुर, लय आदी पर्दछन् । खण्डेतर ध्वनिहरू खण्डीय वर्णभन्दा ठूला एकाइ हुन्छन् । यिनीहरू कुनै एक वर्णमा मात्र आश्रित नभई अक्षर, शब्द र सिङ्गो वाक्यमा पनि आश्रित हुन सक्दछन् । अनुनासिकतालाई

सामान्यतया खण्डेतर वर्ण अन्तर्गत राखिँदैन तर यसको प्रकृति पनि ध्वनिगुण समान देखिन्छ । यसैले प्रस्तुत शोध प्रबन्धमा अनुनासिकतालाई खण्डेतर ध्वनिका रूपमा चर्चा गरिएको छ ।

वर्णमा पाइने अर्थभेदकतालाई लघुतम युग्महरूका आधारमा हेरिन्छ । यस्ता युग्महरूमा कुनै एक परिवेशमा कुनै एक ध्वनि मात्र भिन्न हुन्छ । यसैले उक्त परिवेशमा आउने ध्वनिका कारण शब्दको अर्थ भिन्न हुन पुग्यो भने त्यो ध्वनि अर्थभेदक वा व्यतिरेकी ध्वनि हुन्छ (पण्डित, २०६९: ४८) । यस्ता वर्णको अर्थभेदकतालाई पदादि, पदमध्य र पदान्त गरी भिन्न भिन्न परिवेशमा देखाउन सकिन्छ । वर्ण व्यतिरेक देखाउँदा कुनै ध्वनि कुनै एक परिवेशमा मात्र पनि व्यतिरेकी देखिएको अवस्थामा त्यस ध्वनिले वर्णको मान्यता प्राप्त गर्दछ ।

डडेल्धुरेली भाषाका स्वर र व्यञ्जन वर्णमा व्यतिरेकी युग्महरू अलग अलग खण्डमा देखाउने प्रयास गरिएको छ ।

## स्वर वर्णको व्यतिरेकी युग्म

डडेल्धुरेली भाषाका स्वर वर्णहरू व्यतिरेकी युग्मका आधारमा पदादि, पदमध्य र पदान्त गरी तीनै परिवेशमा अर्थ विभेदक देखिन्छन् । यस्तो व्यतिरेक देखाउँदा जिब्राको सक्रियता, जिब्राको उचाइ र ओठको अवस्थाका आधारमा अलग अलग देखाउन सकिन्छ ।

### (क) जिब्राको सक्रियताका आधारमा व्यतिरेक

जिब्राको सक्रियताका आधारमा डडेल्धुरेली भाषाका स्वर वर्णको व्यतिरेकी युग्म यस प्रकार रहेको छ :

**अग्र स्वरमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| इ : | इन् यिनी | किलो किलो | कालि काली |
| ए : | एन् ऐन | केलो केरा | काले काले |

**मध्य स्वरमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| अ : | अरि गरी | कल् झगडा | तर् खोला तर |
| आ : | आरि आरी | काल् समय | तरा खोला तरा |

**पश्च स्वरमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| उ : | उडा उडाउ | कुल् कुलखानदान | मालु घाँस विशेष |

| | | | |
|---|---|---|---|
| ओ : | ओड ओढाउ | कोल् काख | मालो गर्मी ठाउँ |

**(ख) जिब्राको उचाइका आधामा व्यतिरेक**

जिब्राको उचाइका आधारमा डडेल्धुरेली भाषाका छ वटै स्वर वर्ण आदी, मध्य र अन्त परिवेशमा अर्थ विभेदक देखिन्धन् । जस्तै :

**उच्च स्वरमा व्यतिरेक**

| | **पदादि** | **पदमध्य** | **पदान्त** |
|---|---|---|---|
| इ : | इन् इनी | किलो किलो | नाइ नाइ |
| उ : | उन् उनी | कुलो कुलो | नाउ नाव |

**निम्नमध्य स्वरमा व्यतिरेक**

| | **पदादि** | **पदमध्य** | **पदान्त** |
|---|---|---|---|
| ए : | एस् मस्ति | खेल् खेल्ने कार्य | काले काले |
| ओ : | ओस् सित | खोल खोल | कालो कालो |

**निम्नमध्य र निम्न स्वरमा व्यतिरेक**

| | **पदादि** | **पदमध्य** | **पदान्त** |
|---|---|---|---|
| अ : | अरि गरी | गल् भारी बस्तु रोक्ने काठ | तर खोला तर |
| आ : | आरि आरी | गाल् समस्या | तार खोला तरा |

**(ग) ओठको अवस्थाका आधारमा व्यतिरेक**

ओठको अवस्थाका आधारमा डडेल्धुरेली भाषाका छ वटै स्वर वर्ण आदी, मध्य र अन्तको परिवेशमा आएर अर्थ भेदक बन्छन् । यस्तो व्यतिरेक माथि (क) जिब्राको सक्रियतामा देखाइ सकिएको छ ।

डडेल्धुरेली भाषाका स्वर वर्णको वितरणलाई तलको तालिका नं. १ मा देखाइएको छ :

**तालिका नं. १**

**स्वर वर्णको वितरण**

| स्वर वर्ण | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| इ | + | + | + |

| | | | |
|---|---|---|---|
| ए | . | . | . |
| अ | . | . | . |
| आ | . | . | . |
| ओ | . | . | . |
| उ | . | . | . |

**डडेल्धुरेली व्यञ्जन वर्णका व्यतिरेकी युग्म**

डडेल्धुरेली भाषामा व्यञ्जन वर्णको व्यतिरेक उच्चारण स्थान, प्रयत्न, घोषत्व र प्राणत्व गरी उच्चारण प्रक्रियाका चारवटै आधारमा देखिन्छ ।

**(क) उच्चरण स्थानका आधारमा व्यतिरेक**

डडेल्धुरेली भाषाका व्यञ्जन वर्ण उच्चारण स्थानका आधारमा आदी मध्य र अन्त तीनवटै तहमा व्यतिरेकी वितरण देखिन्छन् । जुन यस प्रकार छन् :

**कोमल तालव्य वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| क् | काम् काम | पाको परिपक्व | लेक् लेक |
| ख | खाम् खाम | पाखो छ्यानो | लेख् लेख |
| ग् | गोल गोलो | मागि मागेर | माग् माग |
| घ् | घोल् गुँड | माघि माघी | माघ् माघ |

**वर्त्स्य (जिह्वाग्र) वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| च् | चाल् चाल चलन | पचा पचाउने कार्य | काँच् प्लाष्टिक |
| छ् | चाल् समुन्द्री छाल | पछा पछि | काँछ् कहाँ छ |
| ज् | जाल् जाल | माजि माइनु | राज् राजकाज |
| झ् | झाल् झ्याङ् | माझि माझी | --- --- -- -- --- |

माथी दिइएका वर्त्स्य वर्णका पदादि र पदमध्यमा व्यतिरेक देखिए पनि पदान्तमा व्यतिरेक भएको पाईंदैन ।

**वर्त्स्य (जिह्वाफलक) वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| ट् | टेक् टेक्नु | पाटि काठको सिलेट | काट् काट |
| ठ | ठेक फेद | पाठि बाख्राको पाठो | काठ काठ |
| ड | डाक् काराउनु | आडो ढोका पछाडि लागउने काठ | पड् भिर |
| ढ | ढाक् ढाक्नु | -- --- --- --- ---- | -- --- --- -- |

वर्त्स्य वर्णका पदादिमा व्यतिरेक देखिए पनि पदमध्य र पदान्तमा भने व्यतिरेक भएको पाइँदैन ।

**दन्त्य वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| त | तान् तान | पाति तितेपाति | पात् पात |
| थ | थान् थान | पाथि पाथी | -- -- -- - |
| द | दान् दान | गदा हतियार विशेष | पद् पद तह |
| ध | धान् धान | गधा गधा | - - - - - - - |

दन्त्य वर्णका पदादि र पदमध्यमा व्यतिरेक देखिएको छ भने पदान्तमा व्यतिरेक भएको पाइँदैन ।

**ओष्ठ्य वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| प् | पाल् त्रिपाल | कापि कपी | काप् हाँङ्गो पालएलो ठाउँ |
| फ् | फाल् हाम फाल्नु | काफि धेरै | - -- -- -- -- |
| ब् | बोल् बोल | सबा एक चौथाइ | कब् कहिले |
| भ | भोल् भल | सभा सभा | - - - -- -- |

ओष्ठ्य वर्णका पदादि र पदमध्यमा व्यतिरेक देखिन्छ भने पदान्तमा व्यतिरेक भएको पाइँदैन ।

**नासिक्य वर्णमा व्यतिरेक**

| पदादि | पदमध्य | पदान्त |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ङ् | -- -- -- -- | काङो कंगाल | माङ् मेलो |
| ण | -- -- -- - | काणो काँडो | माण् भातको माड |
| न | नान् थोरै | कानो अन्धो | मान् मान सम्मान |
| म् | मान् सम्मान | कामो कामको | माम् माम |

कोमल तालव्य र मूर्धन्य (नासिक्य) वर्णमा पदादिमा व्यतिरेक भएको पाईँदैन । तर पदमध्य र पदान्तमा व्यतिरेक देखिन्छ ।

**प्रकम्पित र पार्श्विक वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| र् | राज् राजकाज | पारो ठेकी | राप् आगोको ताप |
| ल् | लाज लाज | पालो पालो | राल् र्‍याल |

**स्वरयन्त्रमुखी र वर्त्स्य वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| स् | साल् बर्ष | सासु सासु | सास् श्वास |
| ह् | हाल् हालखवर | साहु थर विशेष | साह् थर विशेष |

**(ख) उच्चारण प्रयत्नका आधारमा व्यतिरेक**

डडेल्धुरेली भाषामा व्यञ्जन वर्ण उच्चारण प्रयत्नका आधारमा निम्न लिखित व्यतिरेकी युग्मका आधारमा स्पष्ट्याउन सकिन्छ :

**स्पर्श र हनुमूलीय वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| क् | कोल् काख | बाको बुबाको | राक् जलेको खरानी |
| ग् | गोल् गोलो | बागो धामिलाई दिइने लुगा | राज नाइटो मुनिको भाग |
| ख् | खोल् खोल | माखो झिंगा | राख् राख |
| घ् | घोल् घोल | माघो माघ महिनाको | - -- -- -- -- |

स्पर्श हनुमूलीय वर्णका पदादि र पदमध्यमा व्यतिरेक देखिए पनि पदान्तमा व्यतिरेक भएको पाइएन ।

**स्पर्श सङ्घर्षी र जिह्वाफलक वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| च् | चार् चार | साँचो साँचो | माच् परालको ढाप |
| ज् | जार् चोर जार | साँजो साँझको | माज् आगोमा |
| छ् | छाल् पानिको छाल | माछो माछा | पुछ मेटाउनु |
| झ् | झाल झ्याङ | - -- -- -- - | - -- -- -- - |

स्पर्श सङ्घर्षी र जिह्वाफलक वर्णमा पदादिमा व्यतिरेक देखिए पनि पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

**स्पर्श र जिह्वाग्र वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| ट् | टालो टालो | माटि माटो | आट् जाँतोको आटा खस्ने भाग |
| ड् | डालो डालो | माडि माड्ने कार्य | आड् भरोसा |
| ठ् | ठालु ठालु | मुठो मुठो | आठ् आठ |
| ढ् | ढालु ढलाउने कार्य | -- -- -- -- -- | -- -- -- -- --- |

स्पर्श र जिह्वाग्र वर्णका पदादिमा व्यतिरेक देखिए पनि पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

**स्पर्श र दन्त्य वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| त् | तान् तान्नु | सौता सौता | पात् पात |
| द् | दान् दान | सौदा किन बेच | पाद् पाद्नु |
| थ् | थान् मन्दिर | रिथि मालिक स्वामी | कथ् कता |
| ध | धान् धान | -- -- -- -- | -- -- -- -- |

स्पर्श र दन्त्य वर्णका पदादिमा व्यतिरेक देखिए पनि पदमध्य र पदान्तमा व्यतिरेक पाइएन ।

**स्पर्श र ओष्ठ्य वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| प् | पात् पात | टिपु टिपौं | दाप् खुकुरीको खोल |

| | | | |
|---|---|---|---|
| ब् | बात् कथा | टिबु खेल विशेष | दाब् दबाउ |
| फ् | फाग् फाग | सफा सफा | कफ् कफ |
| भ् | भाग् भग | सभा सभा समारोह | -- -- -- -- -- |

स्पर्श र ओष्ठ्य वर्णका पदादि र पदमध्यमा व्यतिरेक देखिए पनि पदान्तमा व्यतिरेक भएको पाइँदैन ।

**नासिक्य व्यञ्जनमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| ङ् | -- -- -- -- -- | काङो कंगाल | माङ् मेलो |
| ण् | -- -- -- -- -- | काणो काँडो | माण् भातको माड |
| न् | नान् थोरै | कानो अन्धो | मान् मान सम्मान |
| म् | मान् सम्मान | कामो कामको | माम् माम |

नासिक्य व्यञ्जन वर्णको पदमध्य र पदान्तमा व्यतिरेक देखिए पनि पदादिमा व्यतिरेक भएको पाइँदैन ।

**सङ्घर्षी व्यञ्जनमा स्थानगत व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| स् (वर्त्स्य) | साउ साहू | काँसो खोकी | सास् श्वास |
| ह् (स्वरयन्त्रमुखी) | हाउ बाघ | काँहो कता हो | शाह् शाह |

**(ग) घोषत्वका आधारमा व्यतिरेक**

डडेल्धुरेली भाषामा स्थान र प्रयत्न एउटै भए पनि घोषत्वका आधारमा स्पष्ट हुने व्यतिरेकी युग्म यस प्रकार छन् :

**कोमल तालु, स्पर्शी र अल्पप्राण वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| क् | कानो कानो | बाको बुवाको | राक् जलेको खरानी |
| ग् | गानो गानो गोला | बागो धामिलाई दिने लुगा | राग नाइटो मुनिको भाग |

**कोमल तालु, स्पर्शी र महाप्राण वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ख् | खाम् खाम | माखो झिँगा | राख् राख |
| घ् | घाम् घाम | माघो माघको महिना | -- -- -- -- - |

कोमल तालु, स्पर्शी र महाप्राण वर्णका पदादि र पदमध्यमा व्यतिरेक देखिए पनि पदान्तमा व्यतिरेक भएको पाइँदैन ।

**वत्स्र्य, स्पर्शसङ्घर्षी र अल्पप्राण वर्णमा व्यतिरेक**

| | **पदादि** | **पदमध्य** | **पदान्त** |
|---|---|---|---|
| च् | चार् चार | साँचो साँचो | माच् परालको ढाप |
| ज् | जार् चोर जार | सँजो साँझको | माज् आगोमा |

**वत्स्र्य, स्पर्शसङ्घर्षी र महाप्राण वर्णमा व्यतिरेक**

| | **पदादि** | **पदमध्य** | **पदान्त** |
|---|---|---|---|
| छ् | छाल् पानीको छाल | माछो माछा | पुछ् मेटाउनु |
| झ् | झाल् झ्याङ | -- -- -- -- -- | -- -- -- -- -- |

वत्स्र्य, स्पर्शसङ्घर्षी र महाप्राण वर्णका पदादिमा व्यतिरेक देखिए पनि पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइँदैन ।

**वत्स्र्य, स्पर्शी र अल्पप्राण वर्णमा व्यतिरेक**

| | **पदादि** | **पदमध्य** | **पदान्त** |
|---|---|---|---|
| ट् | टालो टालो | माटि माटो | आट् जाँतोको आटा खस्ने भाग |
| ड् | डालो डालो | माडि माडने कार्य | आड् भरोसा |

**वत्स्र्य, स्पर्शी र माहप्राण वर्णमा व्यतिरेक**

| | **पदादि** | **पदमध्य** | **पदान्त** |
|---|---|---|---|
| ठ् | ठालु ठालु | मुठो मुठो | आठ् आठ |
| ढ् | ढालु ढलाउने कार्य | -- -- -- -- -- | -- -- -- -- - |

वत्स्र्य, स्पर्शी र महाप्राण वर्णका पदादिमा व्यतिरेक देखिए पनि पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइँदैन ।

**दन्त्य, स्पर्शी र अल्पप्राण वर्णमा व्यतिरेक**

| | **पदादि** | **पदमध्य** | **पदान्त** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| त् | तान् तान्नु | सौता सौता | पात् पात |
| द् | दान् दान | सौदा किन बेच | पाद् पाद्नु |

**दन्त्य, स्पर्शी र महाप्राण वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| थ् | थान मन्दिर | रिथि मालिक स्वामी | कथ् कता |
| ध् | धान् धान | -- -- -- -- -- | -- -- -- -- -- |

दन्त्य, स्पर्शी र महाप्राण वर्णका पदादिमा व्यतिरेक देखिए पनि पदमध्य र पदन्तमा व्यतिरेक पाइँदैन ।

**ओष्ठ्य, स्पर्शी र अल्पप्राण वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| प् | पात् पात | टिपु टिपौं | दाप खुकुरीको खोल |
| ब् | बात् कथा | टिबु खेल विशेष | दाब् दबाउ |

**ओष्ठ्य, स्पर्शी र महाप्राण वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| फ् | फाग् फाग | सफा सफा | कफ् कफ |
| भ् | भाग् भाग | सभा सभा समारोह | -- -- -- -- -- |

ओष्ठ्य, स्पर्शी र महाप्राण वर्णका पदादि र पदमध्यमा व्यतिरेक देखिए पनि पदान्तमा व्यतिरेक भएको पाइँदैन ।

**(घ) प्राणत्वका आधारमा व्यतिरेक**

डडेल्धुरेली भाषाका व्यञ्जन वर्णहरूमा प्राणत्वका आधारमा पाइने व्यतिरेकलाई निम्न लिखित युग्मका आधारमा स्पष्ट्याउन सकिन्छ :

**कोमल तालु, स्पर्शी र अघोष वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| क् | कोल् कोल | पाको जान्ने बुझ्ने | लेक लेक |
| ख् | खोल् खोल | पाखो घरको छाना | लेख् लेख |

**कोमल तालु, स्पर्शी र सघोष वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| ग् | गोल्  गोलो | मागि  मागेर | माग्  माग |
| घ् | घोल्  गुँड | माघि  माघी | माघ   माघ |

**वत्स्र्य, स्पर्शसङ्घर्षी र अघोष वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| च् | चार्  चार | काचो  काँचौ | काँच  प्लास्टिक |
| छ् | छार  खरानी | | काँछ  कता छ |

**वत्स्र्य, स्पर्शसङ्घर्षी र सघोष वर्णमा न्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| ज् | जाल्  जाली | गाजो  खर | माज्  आगो माथि |
| झ् | झाल्  झ्याङ | -- -- -- -- -- | -- -- -- -- -- |

वत्स्र्य, स्पर्शसङ्घर्षी र सघोष वर्णका पदादिमा व्यतिरेक देखिए पनि पदमध्य र पदान्तमा व्यतिरेक पाइँदैन ।

**वत्स्र्य, स्पर्शी र अघोष वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| ट् | टेक्  केक्नु | बाटो  बाटो | काट्   काट्नु |
| ठ् | ठेक  फेद | बाठो  बाठो | काठ्  काठ |

**वत्स्र्य, स्पर्शी र सघोष वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| ड् | डाम  दाग | मुडो  काठको मुडो | पड्  भिर |
| ढ् | ढाम्  चाँङ | -- -- -- -- -- | -- -- -- -- -- |

वत्स्र्य, स्पर्शी र सघोष वर्णका पदादिमा व्यतिरेक देखिए पनि पदमध्य र पदान्तमा व्यतिरेक भएको  पाइँदैन ।

**दन्त्य, स्पर्शी र अघोष वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| त् | तान्   तान्नु | पाति  तितेपाति | पात्  पात |

थ्    थान मन्दिर    पाथि  पाथि    -- -- -- -- -

दन्त्य, स्पर्शी र अघोष वर्णका पदादि र पदमध्यमा व्यतिरेक देखिए पनि पदान्तमा व्यतिरेक भएको पाइँदैन ।

**दन्त्य, स्पर्शी र सघोष वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| द् | दान्  दान | गदा  हतियार विशेष | पद्  पद तह |
| ध् | धान  धान | गधा  जनावर | -- -- -- -- -- |

दन्त्य, स्पर्शी र सघोष वर्णका पदादि र पदमध्यमा व्यतिरेक देखिए पनि पदान्तमा व्यतिरेक भएको पाइँदैन् ।

**ओष्ठ्य, स्पर्शी र अघोष वर्णमा व्यतिरेक**

| | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| प् | पल् समय | कापि  कपी | काप् हाँङ्गो पलाएको ठाउँ |
| फ् | फल् फल | काफि  धेरै | -- -- -- -- -- |

ओष्ठ्य, स्पर्शी र अघोष वर्णका पदादि र पदमध्यमा व्यतिरेक देखिए पनि पदान्तमा व्यतिरेक भएको पाइँदैन ।

**ओष्ठ्य, स्पर्शी र सघोष वर्णमा व्यतिरेक**

| | पदादी | पदमध्य | पदान्त |
|---|---|---|---|
| ब् | बोल्  बोल | सवा  एक चौथाइ | कब्  कहिले |
| भ् | भोल्  भल | -- -- -- -- -- | -- -- -- -- - |

ओष्ठ्य, स्पर्शी र सघोष वर्णका पदादिमा व्यतिरेक देखिए पनि पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइँदैन ।

डडेल्धुरेली भाषामा भएका व्यञ्जन वर्णहरूको वितरणलाई तलको तालिका २ मा थप प्रष्ट्यइएको छ ।

**तालिका २**

**व्यञ्जन वर्णको  वितरण**

| व्यञ्जन | #- | स्व-स्व | -# | व्यञ्जन | #- | स्व-स्व | -# |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क् | . | . | . | थ् | . | . | . |
| ख् | . | . | . | द् | . | - | . |
| ग् | . | . | . | ध् | . | - | - |
| घ् | . | - | - | न् | . | - | . |
| ङ् | ( | . | . | प् | . | . | . |
| च् | . | . | . | फ् | . | ( | ( |
| छ् | . | . | . | ब् | . | . | . |
| ज् | . | . | - | भ् | . | - | - |
| झ् | . | ( | ( | म् | . | . | . |
| ट् | . | . | . | य् | . | . | . |
| ठ् | . | . | . | र् | . | . | . |
| ड् | . | . | . | ल् | . | . | . |
| ढ् | . | - | - | व् | . | . | . |
| ण् | ( | . | . | स् | . | . | . |
| त् | . | . | - | ह् | . | . | . |

टिप्पणी माथिलो तालिकामा (#-) सङ्केतले पदादिको वितरणलाई जनाएको छ भने (स्व-स्व) सङ्केतले पदमध्यमा भएको वितरणलाई र (-#) सङ्केतले पदान्तमा भएको वितरणलाई जनाएको छ ।

## निष्कर्ष

यस अध्ययनमा डडेल्धुरेली भाषामा रहेका स्वर वर्ण र व्यञ्जनवर्णहरूको सूची दिइएको छ । साथै ती सबै वर्णको विभिन्न व्यतिरेकी युग्मको माध्यमले स्वर र व्यञ्जनहरूको विश्लेषण गरी परिवेशगत वितरण गरी देखाइएको छ । डडेल्धुरेली भाषामा अ, आ, इ, उ, ए, ओ गरी छ ओटा स्वरवर्ण छन् । यी स्वरवर्ण जिब्राको सक्रियता, जिब्राको उचाइ र ओठको अवस्थाका आधारमा व्यतिरेकी छन् । यस्तो व्यतिरेक पदादि, पदमध्य र पदान्तमा पनि पाइएको छ ।

डडेल्धुरेली भाषामा क्, ख्, ग्, घ्, ङ्, च्, छ्, ज्, झ्, ट्, ठ्, ड्, ढ्, ण्, त्, थ्, द्, ध्, न्, प्, फ्, ब्, भ्, म्, य्, र्, ल्, व्, स्, ह्, गरी ३० ओटा व्यञ्जन वर्ण रहेका पाइन्छन् । यी वर्णहरू सामान्यतः उच्चारण स्थान, उच्चारण प्रयत्न, प्राणत्व र घोषत्वका आधारमा व्यतिरेकी पाइएका छन् । डडेल्धुरेली भाषामा सघोष, महाप्राण, स्पर्शी र स्पर्शसङ्घर्षी व्यञ्जन पदमध्य र पदान्तमा व्यतिरेकी पाइएका छैनन् भने नासिक्य वर्ण पदादिमा व्यतिरेक पइएका छैनन् । डडेल्धुरेली भाषामा 'ण्' विशिष्ट वर्णको रूपमा पाइएको छ । यो वर्णको व्यतिरेक ङ्, र न्, दुबै वर्णसँग रहेको छ (माङ् - मेलो , माण - माड , मान् - मानसम्मान , पाण - घरको माथिल्लो तला, पान् - पान ) ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज. (२०५७). *समसामयिक नेपाली व्याकरण* : विद्यार्थी प्रकाशन ।

आचार्य, व्रतराज. (२०४८). *हाम्रो भाषा* : लेखक स्वयम् ।

गिरी, जीवेन्द्रदेव. (२०५३). *भाषा विज्ञान, भाषा र भाषिका* : एकाता प्रकाशन ।

ढकाल, शान्तिप्रसाद. (२०६३). *सामान्य भाषाविज्ञान* : शुभकामना प्रकाशन ।

तिवारी, भोलानाथ. (२००१). *भाषाविज्ञान* : किताब महल ।

पोखरेल, बालकृष्ण (२०४०). *राष्ट्रभाषा* : साझा प्रकाशन ।

........ (२०४७). *नेपाली भाषाको उत्पत्ति* : भारद्वाज प्रकाशन ।

पोखरेल, माधवप्रसाद. (२०५६). *नेपाली वाक्य व्याकरण* : एकता बुक्स ।

........ (२०५७). *ध्वनि विज्ञान र नेपाली भाषाको ध्वनि परिचय* : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५३). *भाषाविज्ञान* : साझा प्रकाशन ।

........ (२०६४). भाषाविज्ञानका सम्प्रदाय : एकाता बुक्स ।

यादव, योगेन्द्रप्रसाद र अन्य. (२०५९). *भाषाविज्ञान* : न्यु हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर ।

शर्मा, मोहनराज. (२०६०). *शब्दरचना र वर्णविन्यस* : नवीन प्रकाशन ।

सिंह, भगत. (१९७१). *कुमाउँनी बोलीका वर्णनात्मक अध्ययन.* (विद्यावारिधि शोधप्रबन्ध), जवलपुर विश्विविद्यालय, भातर ।

Acharya, jaya Raj. (1991). *A Descriptive Grammar and an Analysed Corpus.* Washington DC : George Town University.

Dahal, Ballavmani. (1974). *A Description of Nepali : Literary and Colloquial.* Ph. D. thesis, University of Poona.

Gautam, Dhruba Chandra. (1979). *A Descriptive Study of Terai Nepali.* Ph.D. Thesis, University of Poona.

GivÓn, T. (1995). *English Grammar : A function Based Introduction.* Amsterdam:

John Benjamins.

Pike, K. L. (1947). *Phonemics: A Technique for Reducing Languages to Writing*. Ann Arbor:

University of Michigan Press.

Regmi, Dan Raj. (2007). *The Bhujel Language.* Ph.D. thesis Tribhuvan University.

Trask, R. L. (1996). *A Dictionary of Phonetics and Phonology*. Routledge.